**आकाशवाणी समाचार- नेपाली**
**मितिः १२ जूलाई २०२६**
**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

- गृहमन्त्री अमित शाहले आज अहमदाबाद महानगरपालिकामा लगभग 405 करोड रुपैयाँको विभिन्न जनकेन्द्रित परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ।

- वियतनामका प्रधानमंत्री मिन्ह हुन ले फु क्वोक द्वीप नजिक स्पीडबोट दुर्घटनाको जांचको आदेश दिनुभएको छ। यस दुर्घटनामा 15 भारतीय पर्यटकहरुको मृतु भएको छ।

- ईरानले होर्मुज जलडमरूमध्यलाई अघिल्लो सूचना सम्म बंद गरिदिएको छ।

- मौसम विभागले आगामी चार-पांच दिनहरुमा देशको उत्तरी अनि पूर्वी भागहरुमा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ।

- फीफा विश्वकपमा इंग्लैंडले आज बिहान फलोरिडाको मियामी स्टेडियममा नॉर्वेलाई 2-1 ले पराजित गरेर सेमीफाइनलमा प्रवेश गरेको छ।

**<u>अमित शाह वृक्षारोपण अभियान</u>**

गृहमन्त्री अमित शाहले आज अहमदाबाद महानगरपालिकामा 405 करोड रुपैयाँ बराबरका विभिन्न जनकेन्द्रित परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। कार्यक्रमको क्रममा, गृहमन्त्रीले आफ्नो लोकसभा निर्वाचन क्षेत्र गान्धीनगरमा महत्वाकांक्षी सामूहिक वृक्षारोपण अभियानको पनि सुरुवातगर्नुहुनेछ।

**<u>उपराष्ट्रपति शोक-एस. जानकी निधन</u>**

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले प्रसिद्ध पार्श्व गायिका एस. जानकीको निधनमा गहिरो दुख व्यक्त गर्नुभएको छ। उहाले भन्नुभयो - एस. जानकीको आवाजले भारतीय संगीतलाई समृद्ध गरेको छ अनि धैरै पीढ़िका असंख्य मानिसहरुको हृदयलाई छुएको छ।सोशल मीडियामा एक पोस्टमा उपराष्ट्रपतिले भन्नुभयो कि आफ्नो विशिष्ट अभिव्यक्तिपूर्ण आवाज अनि असाधारण बहुमुखी प्रतिभाको साथ एस. जानकीले छ दशकहरु भन्दा अधिक समय सम्म तमिल, तेलुगु, मलयालम, कन्नड़, हिंदी अनि अन्य बिभिन्न भाषाहरुमा हजारौ गीतहरुको माध्यम द्वारा श्रोताहरुलाई मंत्रमुग्ध बनाए। श्री राधाकृष्णनले भन्नुभयो - एस. जानकीको निधन संगीत जगत अनि देशको सांस्कृतिक विरासतको लागि अपूरणीय क्षति हो। उपराष्ट्रपतिले एस. जानकीका परिवार, प्रशंसकहरु अनि पुरा संगीत जगत प्रति आफ्नो हार्दिक संवेदना व्यक्त गर्नुभएको छ।

**जयशंकर वियतनाम**

विदेश मंत्री डॉ. एस जयशंकरले वियतनाममा फू क्योक द्वीप नजिक भएको नौका दुर्घटनामा 15 भारतीय नागरिकहरुको मृतु माथि दुख व्यक्त गर्नुभएको छ। डॉ. जयशंकरले सोशल मीडिया पोस्टमा भन्नुभयो कि उहाँ दुखद नौका दुर्घटनाले धेरै दुखि हुनुहुन्छ। विदेश मंत्रीले मृतकहरुका परिवार प्रति संवेदना व्यक्त गर्दै घाइते भएकाहरुको शीघ्र स्वस्थलाभको कामना गर्नुभएको छ।

**वियतनाम- नाव दुर्घटना**

वियतनामका प्रधानमंत्री मिन्ह हुन ले फु क्वोक द्वीप नजिक स्पीडबोट दुर्घटनाको जांचको आदेश दिनुभएको छ। यस दुर्घटनामा 15 भारतीय पर्यटकहरुको मृतु भएको छ। मुंबईमा वियतनामका महावाणिज्य दूतावास अनुसार, प्रधानमंत्रीले अधिकारिहरुबाट दुर्घटनाको कारणहरु बारे पत्तो लगाउने अनि भविष्यमा यस्तो दुर्घटनाहरु रोक्नको लागि आवश्यक पाइला चल्ने बताउनुभएको छ। उहाले नियमहरुको उल्लंघनको लागि जिम्मेवार मानिसहरु बिरुद्ध कडा कानूनी कार्रवाहीको पनि निर्देश दिनुभएको छ,साथै ही घाइते भएकाहरुको उपचार अनि मृतकका परिजनहरुलाई सकेसम्म सहायता दिने बताउनु भएको छ। यो दुर्घटना त्येस समय भएको हो जब 36 जना यात्रीहरुलाई लिएर गैरहेको स्पीडबोट फु क्वोक द्वीप रट नगोआई टापू नजिक अचानक अग्लो चालको चपेआ पर्दा पल्टियो। नाउमा चालक दलका चार सदस्य पनि सवार थिए। स्थानीय प्रशासनले 21 जनालाई बचाए जबकि 15 भारतीयहरुको मृतु भएको थियो। मृतकहरुमा दुई महिलाहरु पनि सामेल छन्। वियतनाममा भारतीय दूतावासले मृतकहरुको सूची जारी गरेको छ।

**जे-पी-सी- एक राष्ट्र एक चुनाव**

एक राष्ट्र, एक चुनाव सित सम्बन्धित प्रस्तावित विधेयकहरुको जांच गरिरहेको संयुक्त संसदीय समितिले गोआमा दुई दिनको चर्चा पुरा गरेको छ । यस अवधि समितिले राज्य सरकार, राजनीतिक दलहरु , विधायकहरु , संविधान विशेषज्ञहरु , सरकारी उपक्रमहरु , सामाजिक प्रतिनिधिहरु अनि र मीडियासित कुराकानी गरेको छ।

**ईरान- हॉर्मुज**

ईरानले होर्मुज जलडमरूमध्यलाई अघिल्लो सूचना सम्म बंद गरिदिएको छ। ईरानको नौसेनाले भनेको छ कि एउटा जहाज़ले अनधिकृत मार्ग प्रयोग गर्ने प्रयास गरे पछि यो समुद्री मार्ग बंद गरिएको हो। नौसेनाले भनेको छ कि यस इलाकामा अमरीकाको दखल समाप्त नभए सम्म कुनै पनि जहाज़लाई यस मार्गबाट निस्किने अनुमति दिईने छैन। नौसेनाको भनाई अनुसार होर्मुज जलडमरूमध्यको यस घटनालाई लिएर अमरीकाको कुनै पनि कार्रवाहीको कड़ा जवाब दिईनेछ। अमरीका, ईरानबाट सार्वजनिक रूपमा होर्मुज जलडमरूमध्य भएर आउ-जाऊ गर्ने जहाजहरु माथि हमला नगर्ने आश्वासन चाहन्छ। अमरीकाका एक वरिष्ठ अधिकारीले बताए अनुसार ईरानमा आंतरिक सत्ता संघर्षको कारण कुनै मझौता बारे पुग्नु कठिन भएको छ।यसै बीच, अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रंपले भन्नुभएको छ -तनाव रहेता पनि ईरानसित बातचीत जारी रहनेछ। ईरानले भनेको छ कि होर्मुज जलडमरूमध्य ईरानको नियंत्रणमानै रहनेछ अनि यस मार्ग भएर आउ-जाऊ गर्ने जहाजहरुले शुल्क देन पर्नेछ। ईरानले जलडमरूमध्य माथि पुरा अधिकारको दावी गरेको छ।

**मध्य प्रदेश - MLBY**

मध्य प्रदेशमा आज मुख्यमन्त्री लाडली बहना योजनाको 38 औंमासिक किस्ती जारी गरिनेछ। मुख्यमन्त्री मोहन यादवले भिण्ड जिल्लाको लाहारमा राज्यस्तरीय कार्यक्रममा प्रत्यक्ष लाभहस्तान्तरण मार्फत 1करोड 25 लाखभन्दा अफ्हिक महिलाहरूको बैंकखातामा 1835 करोडभन्दा बढी रकम स्थानान्तरण गर्नुहुनेछ। यस योजना अन्तर्गत, योग्य महिलाहरूले नोभेम्बर २०२५ देखि प्रतिमहिना 1500 रुपैयाँ प्राप्त गर्नेछन्। मुख्यमन्त्रीले लगभग 239करोड रुपैयाँ बराबरको 40 वटा सम्पन्न विकास परियोजनाहरूकोउद्घाटन पनि गर्नुहुनेछ। उहाले 83 करोड रुपैयाँ भन्दा अधिक मूल्यको 16 वटा नयाँ जन कल्याणकारी

परियोजनाहरूको शिलान्यास पनि गर्नुहुनेछ।

**कृषि-पुसा**

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले आज दिल्लीको पुसा क्याम्पसमा वातावरण संरक्षण संकल्प कार्यक्रममा भाग लिनुहुनेछ। यस अवसरमा उहाँले देशभरीका लगभग १७,००० वृक्ष मित्रहरूसँग अन्तरक्रिया गर्नुहुनेछ र जनसहभागिता मार्फत वातावरण संरक्षणलाई
राष्ट्रव्यापी जनआन्दोलनमा रूपान्तरण गर्न आह्वान गर्नुहुनेछ। वृक्षारोपण, जल संरक्षण र पारिस्थितिक पुनर्स्थापनाको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका देशका लगभग सबै राज्यका वृक्षमित्रहरूले यस कार्यक्रममा भाग लिनेछन्। केन्द्रीय मन्त्री वृक्षमित्रहरुसित पुसा परिसरमा वृक्षारोपण अभियानमा भाग लिनुहुनेछ।

**एफएसएसएआई - स्विगी**

खाद्य सुरक्षा एवं मानक प्राधिकरण-एफएसएसएआई ले खाद्य सुरक्षा अनि मानक अधिनियम 2006 अंतर्गत नियमहरुको उल्लंघन गर्ने आरोपहरुसित संबंधित धैरै उपभोक्ता शिकायतहरु पछि स्विगी इंस्टामार्टलाई नौ वटा नोटिस जारी गरेको छ। सोशल मीडिया पोस्टमा एफएसएसएआई ले भनेको छ कि स्विगीलाई विस्तृत स्पष्टीकरण अनि अनुपालन रिपोर्ट प्रस्तुत गर्ने निर्देश दिईएको छ अनि यस्तो नगरे उचित कानूनी कार्रवाही शुरू गरिनेछ। उपभोक्ता शिकायतहरुमा स्विगी इंस्टामार्ट माथि उत्पादहरुको निर्धारित अवधि समाप्त भए , खराब, सडेको , दूषित अनि अन्य प्रकारका असुरक्षित खाद्य उत्पादहरुको आपूर्तिको आरोप लगाईएको छ। एफएसएसएआई को नोटिसमा झुठो , अमान्य वा अनुपलब्ध लाइसेंस नंबरहरु अनि पंजीकृत नामको स्थानमा कुनै बेग्लै नामबाट संचालित खाद्य व्यवसाय संस्थाहरु माथि पनि चिंता व्यक्त गरिएको छ।

**मौसम**

मौसम विभागले आगामी चार-पांच दिनहरुमा देशको उत्तरी अनि पूर्वी भागहरुमा भारी वर्षा हुने अनुमान व्यक्त गरेको छ। यी इलाकाहरुमा जम्मू-कश्मीर अनि लद्दाख, हिमाचल प्रदेश, उत्तराखंड, पंजाब, चंडीगढ़, हरियाणा, दिल्ली, पूर्वी उत्तर प्रदेश, छत्तीसगढ़, झारखंड, पश्चिम बंगालको गांगेय क्षेत्र, अरुणाचल प्रदेश, नागालैंड, मणिपुर, मिजोरम, त्रिपुरा अनि ओडिशा सामेल छन्। यसै बीच, विभागले हिज असम, मेघालय, पश्चिम बंगालमा हिमालयको तराई क्षेतरहरु , सिक्किम अनि बिहारमा मूसलधारे वर्षाको ऑरेंज अलर्ट जारी गरेको छ। आगामी दुई-तीन दिनहरुमा वर्षा भएका इलाकाहरु साथै अंडमान अनि निकोबार द्वीप समूह, पूर्वी अनि पश्चिमी मध्य प्रदेशमा बिजुली चम्किने अनि तिब्र हावासितै आंधी-तूफान आउने संभावना छ। तटीय आंध्र प्रदेशमा आज लू को स्थिति बन्न सक्छ।आकाशवाणीसित कुराकानीमा मौसम विभागका वैज्ञानिक डॉ. नरेशले भन्नुभयो कि आगामी दो दिनहरुमा पूर्वोत्तरको केहि भागहरुमा 12 सेंटीमीटर भन्दा अधिक भारी वर्षा हुने सम्भावना छ। उहाले भन्नुभयो कि अल-नीनोको स्थितिले गर्दा देशमा कुल मॉनसून वर्षा सामान्य भन्दा कम्ति भैरहेको छ।

**फीफा विश्व कप**

फीफा विश्वकपमा इंग्लैंडले आज बिहान फलोरिडाको मियामी स्टेडियममा नॉर्वेलाई 2-1 ले पराजित गरेर सेमीफाइनलमा प्रवेश गरेको छ। इंग्लैंडका ज्यूड बेलिंघमले अतिरिक्त समयमा दुई गोल गरेर इंग्लैंडलाई जीत दिलाए। इंग्लैंड तेस्रो पल्ट विश्वकपको सेमीफाइनलमा पुग्रको हो।यस भन्दा पहिला स्पेन अनि फ्रांसले अघिबाटै सेमीफाइनलमा स्थान बनाईसकेको छ। क्वार्टर फाइनलमा स्पेनले बेल्जियमलाई 2-1 ले अनि फ्रांसले मोरक्कोलाई 2-0 ले परजोत गरेको थियो।